NEWS
THE CARTER CENTER
ONE COPENHILL, ATLANTA, GA 30307

**तत्काल प्रकाशनका लागि**
**जुलाई ७, २०११**

सम्पर्क:

एटलान्टामाः डेबोरा ह्याक्स, +१ ४०४ ४२० ५१२४
काठमाडौंमाः स्यारा लेभिटसोर, +९७७ ९८५ ११० ०७१२

## मतदाता दर्ताको प्रगतिका निम्ति कार्टर सेन्टर निर्वाचन आयोग नेपालको सह्राहना गर्दछ र कुल दर्ता संख्या वृद्धि गर्नका लागि प्रोत्साहित गर्दछ ।

**काठमाडौं...** आज जारी गरिएको एउटा प्रतिवेदनमा आजका मितिसम्म करिब ८० लाख नेपाली नागरिकहरूलाई दर्ता गरेकोमा कार्टर सेन्टरले निर्वाचन आयोगलाई सह्राहना गरेको छ र यस प्रक्रियामा सहभागी हुन बाँकी रहेका अन्य लाखौं नेपालीहरूलाई सहभागी गराउनका निम्ति थप प्रयत्नहरू गर्न प्रोत्साहित गरेको छ ।

मतदाता दर्ताको अहिलेको दरका आधारमा निर्वाचन आयोगले आफ्नो प्रारम्भिक लक्ष्यअनुरूप मध्य जुलाईसम्म १ करोड १० लाख नागरिकलाई दर्ता गर्न सक्ने देखिँदैन । त्यसैले कुल १ करोड ४० लाख ७० हजार योग्य नागरिकलाई दर्ता गर्ने लक्ष्य पूरा गर्न थप अवसरहरूको खोजी गर्नु आवश्यक छ ।

दर्ता संख्यालाई उल्लेखनीय रूपमा प्रभावित गरेका दुई मुख्य चुनौतीहरूमा लिम्बुवान र मधेसवादी दलहरूले तराईका भागहरू तथा पूर्वी पहाडमा पुऱ्याएको अवरोध र विशेष गरी नागरिकताको प्रमाणपत्र लगायत मतदाता हुने योग्यताको प्रमाणका रूपमा आवश्यक अन्य कागजात हात पारिनसकेका उल्लेखनीय संख्याका व्यक्तिहरू रहेका छन् ।

"कार्टर सेन्टरका पर्यवेक्षकहरूले के पाएका छन् भने मतदाता हुन योग्य नेपालीहरूसँग नागरिकताको प्रमाणपत्र नहुनु सरोकारको राष्ट्रव्यापी विषय हो," नेपालका लागि कार्टर सेन्टरकी प्रतिनिधि स्यारा लेभिटशोरले भनिन् । "तर सकारात्मक कुरा के हो भने हालका महिनाहरूमा नागरिकताको प्रमाणपत्र लिनका लागि आवेदन दिने व्यक्तिहरूको संख्या बढेको हामीले देखेका छौं । तैपनि, नाम दर्ताका निम्ति आवश्यक कागजात नभएर, दर्तास्थलसम्म पुग्ने यात्रा खर्च नभएर, दर्तास्थल टाढा भएर र अन्य बाधाहरूले गर्दा नाम दर्ता गर्न नसकेका व्यक्तिहरूको संख्या कति छ भन्ने कुरा अझै अस्पष्ट नै रहेको छ ।"

दर्ता प्रक्रियाका चुनौतीहरूलाई संबोधन गर्न निर्वाचन आयोगले गरेका प्रयत्नहरूलाई पनि कार्टर सेन्टरले सह्राहना गरेको छ । लिम्बूवान दलहरूको तर्फबाट भइरहेको अवरोधलाई समाप्त पार्न सन् २०११ को मे २७ मा आयोगले उनीहरूसँग गरेको सहमति र आफ्नो नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको ठेगानाअनुरूप नै गृह जिल्लाबाहिरका जुनसुकै दर्तास्थलमा नाम दर्ता गर्न पाउने गरी जिल्लाबाहिर अस्थायी बसोबास गरेका व्यक्तिहरूका निम्ति 'जिल्लाबाहिर दर्ता' सञ्चालन गर्ने विषयमा गरिएको निर्णय यस सम्बन्धमा उल्लेखनीय छन् । यी दुवै कदमहरूले नाम दर्ता संख्यालाई बढाउन सहयोग गर्नेछन् ।

कार्टर सेन्टरले निर्वाचन आयोगका अधिकारीहरू पेशागत रूपले कुशल, राम्ररी तालिमप्राप्त र दर्ता केन्द्र रहेका ठाउँहरूमा धेरैजसो दर्ता प्रक्रिया बाधारहित किसिमले अघि बढेको पायो । तैपनि स्थलगत दर्ता कार्य संभवत छिटै बन्द हुन लागेकोले अब चाहिँ आयोगले तथ्याङ्क व्यवस्थापन प्रक्रियालाई विशेष रूपले सुदृढ पार्नु आवश्यक छ ।

"मतदाता दर्ता प्रक्रियाभरि नै नेपालको निर्वाचन आयोगले लगातार असल मनशाय र लचकता प्रदर्शन गऱ्यो," कार्टर सेन्टरको लोकतान्त्रिक कार्यक्रमका सहनिर्देशक डा. डेभिड पोट्टीले भने । "जिल्लाबाहिर दर्ताद्वारा नागरिकहरूलाई नाम दर्ता गर्ने अवसर दिनु एउटा सकारात्मक कदम हो, तर अझै नाम दर्ता गर्न बाँकी लाखौं व्यक्तिहरूलाई नाम दर्ता गर्ने अवसर दिनका लागि अझ बढी काम गर्नु आवश्यक छ ।" उनले थपे ।

यस प्रतिवेदनले गरेको आँकलन र मतदान गर्न चाहने सबै नेपालीहरूलाई बढी पहुँच दिलाउन सेन्टरले गरेका प्रयत्नहरूबाट निर्वाचन आयोगले फाइदा उठाउनेछ भन्ने कार्टर सेन्टर आशा गर्दछ ।

**प्रमुख सिफारिसहरूको सारांश**

निर्वाचन आयोगले गर्नु पर्ने:

- विशेष गरी अवरोध प्रभावित जिल्लाहरू लगायत मतदाता दर्ता कार्य सबै ठाउँमा सञ्चालित छन् भन्ने सुनिश्चित गर्न अहिलेको मतदाता दर्ता अभ्यासलाई बढाउनु पर्दछ ।
- अहिले आएर निर्वाचन आयोगले उचित ठहऱ्याए अनुसार, सबै नगरपालिकाका वडाहरू र गाविसहरूमा सन् २०११ को अगस्ट महिनादेखि नोभेम्वर महिनासम्म पुनः दर्ता केन्द्रहरू खोलेर यतिन्जेल नाम दर्ता गर्न छुटाएका व्यक्तिहरूलाई नाम दर्ता गराउन मतदाता दर्ता अभ्यास सञ्चालन गर्नु पर्छ ।
- तथ्याङ्क व्यवस्थापन योजना लागू गर्ने कामलाई उच्च प्राथमिकतामा राख्नुपर्छ ।
- मतदाता दर्ताका अवरोधहरूलाई समाप्त गर्न मधेसवादी दलहरूसँग सहमतिमा पुग्ने प्रयास जारी राख्नुपर्छ ।
- सबै योग्य नागरिकहरूलाई नागरिकताको प्रमाणपत्र उपलब्ध गराउनका लागि प्रभावकारी बन्दोबस्त मिलाउन सरकारसँग वार्ता र समन्वय जारी राख्नुपर्छ ।
- नागरिकहरूलाई बढीभन्दा बढी दर्ताको पहुँच दिलाउन निरन्तर दर्ताका ठाउँहरू थप्नु पर्छ । र,
- जिल्लाबाहिर दर्ता र निरन्तर दर्ताका सम्बन्धमा चेतना वृद्धि गर्न लक्षित मतदाता शिक्षाका प्रयत्नहरू सुनिश्चत गर्नुपर्छ ।

नेपाल सरकारले गर्नु पर्ने:

- सन् २०११ को फेब्रुअरी महिनामा सर्वोच्च अदालतले भनेअनुसार सबै योग्य नेपाली नागरिकहरूलाई नागरिकताको प्रमाणपत्र वितरण गर्न प्रयत्नहरू बढाउनु पर्दछ ।
- मधेसवादी दलहरूले पुऱ्याइरहेको अवरोध समाप्त पार्न निर्वाचन आयोगलाई सघाउने काम जारी राख्नुपर्छ ।

राजनीतिक दल र नागरिक समाजले गर्नु पर्ने:

- मतदाता दर्ता प्रक्रियामा अझ बढी सक्रिय र सहयोगी भूमिका खेल्नु पर्दछ ।
- मतदाता दर्ता प्रक्रियालाई अवरोध पुऱ्याइरहेका मधेसवादी दलहरूले आफ्ना गुनासा र पीरमर्काहरू उठाउन उचित कानुनी उपाय अवलम्वन गर्नु पर्दछ र आफ्ना विरोधका कार्यक्रमहरू शान्तिपूर्ण हुने कुरा सुनिश्चित गर्नुपर्दछ ।

कार्टर सेन्टरको प्रतिवेदनको पूर्ण पाठ www.cartercenter.org मा उपलब्ध छ ।

नेपालमा शान्तिको निम्ति सघाउ पुऱ्याउन सन् २००३ देखि कार्टर सेन्टरले काम गरिरहेको छ । सन् २००८ मा सम्पन्न संविधान सभा निर्वाचनमा निर्वाचन पर्यवेक्षण गर्न कार्टर सेन्टरले एउटा अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण अभियान चलाएको थियो । संविधान लेखनका प्रयत्नहरू र शान्ति प्रक्रियालाई स्थानीय तहमा केन्द्रित भएर पर्यवेक्षण गर्न कार्टर सेन्टर नेपालमा रहेको छ । नेपालको शान्ति प्रक्रियाका सम्बन्धमा कार्टर सेन्टरका सबै प्रतिवेदनहरू यो ठेगानामा हेर्नुस् : http://cartercenter.org/countries/nepal-peace.html

####

*विश्वव्यापी रूपमा शान्ति र स्वास्थ्य वृद्धि गर्ने उद्देश्यले इमोरी विश्वविद्यालयसँग साझेदारी गरेर संयुक्त राज्य अमेरिकाका पूर्व राष्ट्रपति जिम्मी कार्टर र उनकी श्रीमती रोजलिनले सन् १९८२ मा कार्टर सेन्टरको स्थापना गरेका हुन् । यो गैरनाफामुखी अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हो । द्वन्द्व समाधानमा सहयोग पुऱ्याएर, लोकतन्त्र, मानव अधिकार र आर्थिक अवसरहरू वृद्धि गरिदिएर, रोगहरूको रोकथाम, मानसिक स्वास्थ्यको हेरचाह वृद्धि गरेर र किसानहरूलाई अन्न उत्पादन वृद्धिको निम्ति शिक्षा प्रदान गरेर कार्टर सेन्टरले ७० भन्दा बढी मुलुकमा जनताको जीवनस्तर वृद्धिमा सघाउ पुऱ्याइरहेको छ ।*